बटेश्वर गाउँपालिकाको कार्यालय
बटेश्वर, धनुषा
२ नं. प्रदेश, नेपाल
२०७३

विनियोजन ऐन

बटेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७४/२०७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्थागर्न बनेको ऐन"

प्रस्तावना : बटेश्वर गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिमबटेश्वर गाउँपालिकाको गांउसभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्तनाम र प्रारम्भः (१)यस ऐनको नाम " बटेश्वर गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐनतुरुन्तप्रारम्भ हुनेछ ।

२. परिभाषा :

क)"गांउसभा"भन्नाले बटेश्वर गाउँपालिकाको गांउसभालाई सम्झनु पर्दछ ।

ख) "कार्य पालिका"भन्नाले बटेश्वर गाउँपालिकाको गांउकार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) "वडा समिति"भन्नाले बटेश्वर गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ ।

घ) "बिषयगतशाखा"भन्नाले बटेश्वर गाउँपालिकाकाअन्तर्गतको महाशाखा, शाखा, आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथाअन्यप्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ ।

ङ.) "संञ्चित कोष"भन्नाले बटेश्वर गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

३.आर्थिक वर्ष २०७४।०७५ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०७४।०७५ को निमित्त गांउकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम२१७५३००००। (अक्षेरु एकाइस करोड पचहत्तर लाख तिस हजार मात्र ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ । साथै उक्त रकमवाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थपप्राप्तहुने रकमलाई संचित कोषमाआम्दानीगर्न र तोकिएबमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ ।

४. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७४।०७५ को निमित्तबटेश्वर गाउँपालिकाको गांउकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको लागिविनियोजन गरिने छ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमा बटेश्वर गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यचालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गांउसभाको स्वीकृतिलिनु पर्नेछ ।

डम्बर बहादुर राउत क्षेत्री
अध्यक्ष



Scanned with CamScanner